# उत्कृष्ट उद्यमी सम्मान कार्यविधि, २०८१

विभिन्न स्रोत, साधन, श्रृजना र सीपको प्रयोग गरी उद्यम गरिरहेका उत्कृष्ट उद्यमीको छनौट गरी सम्मान प्रदान गर्ने कार्यलाई व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन वान्छनीय भएकोले, लुम्बिनी प्रदेश सरकार, सुशासन नियमावली, २०७७ को नियम ९ बमोजिम उद्योग, पर्यटन तथा सहकारी मन्त्रालयबाट **उत्कृष्ट उद्यमी सम्मान कार्यविधि, २०८१** स्वीकृत गरी लागू गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"उत्कृष्ट उद्यमी सम्मान कार्यविधि, २०८१"** रहेको छ।
(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,
(क) "उद्यमी" भन्नाले विभिन्न स्रोत साधन, सीप र श्रृजनाको प्रयोग गरी व्यापार व्यवसाय, उद्योग सञ्चालन गरिरहेका र अन्य श्रमिकलाई पूर्ण वा आंशिक रोजगारी प्रदान गरिहेका व्यक्तिलाई सम्झनुपर्छ।
(ख) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतको उद्योग हेर्ने कार्यालय सम्झनुपर्छ।
(ग) "छनौट समिति" भन्नाले दफा ९ बमोजिम गठित समिति सम्झनुपर्छ।
(घ) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेश सम्झनुपर्छ।
(ङ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।
(च) "लक्षित वर्ग समूह" भन्नाले दलित, आदिवासी जनजाति, सीमान्तकृत, महिला, अपाङ्गता भएका उद्यमी सम्झनुपर्छ।
(छ) "सम्मान" भन्नाले उत्कृष्ट उद्यमीलाई प्रोत्साहन स्वरुप प्रदान गरिने नगद पुरस्कार सहितको सम्मानपत्र समेत सम्झनुपर्छ।
(ज) "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताको लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा कर्मचारी वा जुनसुकै पदनाम दिई काममा लगाइएको व्यक्ति सम्झनुपर्छ।

३. **उद्देश्यः** (१) यस कार्यविधि बमोजिम प्रदान गरिने सम्मानको उद्देश्य देहाय बमोजिम रहेको छः
(क) उद्यमशीलताको माध्यमबाट आर्थिक सशक्तीकरणमा योगदान पुऱ्याएका उद्यमीलाई प्रोत्साहन गर्ने,
(ख) देशमै श्रम तथा स्वरोजगारको माध्यमबाट उद्यमशीलताको विकास गर्न प्रोत्साहन गर्ने,
(ग) उद्यमीहरुलाई आफ्नो कार्यक्षेत्रमा सफल र प्रतिष्पर्धी बन्न अभिप्रेरित गर्ने,
(घ) योग्य र उर्जावान जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्ने र,
(ङ) उद्यमी तथा श्रमिकको योगदान प्रति आत्म गौरवको अनुभूति दिलाउने।

४. **छनौट तथा मूल्याङ्कनका आधारहरुः** (१) उत्कृष्ट उद्यमी छनौट गर्दा अनुसूची -१ बमोजिमको मूल्याङ्कनको आधार लिइनेछ। उक्त मूल्याङ्कनका आधारमा उच्चतम् अंक प्राप्त गर्नेलाई योग्यताक्रमका आधारमा छनौट गरिनेछ।
(२) प्रत्येक जिल्लाले कम्तिमा एकजना महिलासहित दुई जना उत्कृष्ट उद्यमीहरुलाई सम्मान गर्नेछ।

५. **पुरस्कार तथा सम्मान प्राप्त गर्ने योग्यताः** (१) उद्यमीले देहाय बमोजिमको योग्यता पुरा गरेको हुनुपर्नेछः
(क) प्रदेशमा स्थायी बसोबास भई प्रदेशको सम्बन्धित जिल्लामा उद्यम गरिरहेको नेपाली नागरिक,
(ख) उद्यमी स्वयम् आफै सञ्चालक भई व्यवसाय दर्ता र सञ्चालन गरेको,

मा. खड्ग बस्नेत
मन्त्री

(ग) विगत दुई बर्षदेखि निरन्तर रुपमा उद्यम गरिरहेको,

(घ) नियमित रुपमा सरकारलाई तिर्नुपर्ने कर बुझाएको र आफ्नो व्यवसायको लेखापरीक्षण गरेको,

(ङ) पछिल्लो तीन वर्षमा कुनैपनि सरकारी निकायबाट पुरस्कार तथा सम्मान प्राप्त नगरेको।

६. **सूचना प्रकाशनः** (१) कार्यालयले उत्कृष्ट उद्यमी सम्मान प्राप्त गर्न इच्छुक उद्यमीका लागि १५ (पन्ध्र) दिनको सार्वजनिक सूचना प्रकाशन/प्रसारण गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना अन्तर्गत उद्यमीले देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछः

(क) अनुसूची -२ बमोजिमको आवेदन,

(ख) नागरिकता प्रमाणपत्रको छायाँकपी,

(ग) उद्योग दर्ता/नवीकरण प्रमाणपत्रको छायाँकपी,

(घ) पछिल्लो वर्षको कर चुक्ता प्रमाणपत्रको छायाँकपी,

(ङ) पछिल्लो वर्षको लेखा परिक्षण प्रतिवेदन,

(च) PAN/VAT दर्ता प्रमाणपत्रको छायाँकपी,

(छ) लक्षित वर्ग समूह खुल्ने निस्सा,

(ज) दफा ५(ङ) बमोजिमको स्वघोषणापत्र।

७. **छनौट तथा सिफारिस समितिः** (१) उत्कृष्ट उद्यमी छनौट गरी कार्यालयसमक्ष सिफारिस गर्न देहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति रहनेछः

| | |
|---|---|
| (क) दफा २(ख) बमोजिमको कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि | - संयोजक |
| (ख) अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समिति | - सदस्य |
| (ग) दफा २(ख) बमोजिमको कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| (घ) प्रतिनिधि, जिल्लास्थित प्रदेश लेखा इकाई कार्यालय | - सदस्य |
| (ङ) दफा २(ख) बमोजिमको कार्यालयको प्रशासन शाखा प्रमुख | - सदस्यसचिव |

(२) समितिको बैठक संयोजकको निर्देशानुसार सदस्य-सचिवले बोलाउनेछ।

(३) छनौट समितिले आवश्यकता अनुसार सम्बन्धित उद्यमको स्थलगत अनुगमन समेत गर्न सक्नेछ।

(४) छनौट समितिले पेश भएका आवेदन र संलग्न कागजातका आधारमा **अनुसूची** -१ बमोजिम मूल्याङ्कन गरी कार्यालयसमक्ष सिफारिस गर्नु पर्नेछ।

८. **सम्मानको राशीः** (१) सम्मानको राशी सो आ.व. मा विनियोजित बजेटको अधीनमा रही बढीमा प्रतिउद्यमी रु. ५० हजार हुनेछ।

(२) उत्कृष्ट उद्यमीलाई नगद पुरस्कारसहित अनुसूची-३ बमोजिमको सम्मान-पत्र प्रदान गरिनेछ।

९. **कार्यविधि संशोधन गर्न सक्नेः** मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

१०. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

११. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएका कुराहरुमा यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

मा. खड्ग बस्नेत
मन्त्री

अनुसूची -१
(दफा ५ सँग सम्बन्धित)
<u>मूल्याङ्कनका आधार</u>

| क्र. सं. | छनौटको आधार | अधिकतम अंक | प्राप्तांक |
|---|---|---|---|
| १ | विगत दुई वर्षभित्र प्रदान गरेको रोजगारी संख्या | १५ | क) ५ वा ५ जना भन्दा बढीलाई रोजगारी दिएको भएः -१५ अंक<br>ख) ३ देखि ४ जनालाई रोजगारी दिएको भए -१२ अंक<br>ग) १ देखि २ जनालाई रोजगारी दिएको भए -९ अंक |
| २ | स्थानीय स्रोत र साधन प्रयोग गरी उद्यम सञ्चालन गरेको | २० | क) स्थानीय स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी सञ्चालन भएको भए -२० अंक<br>ख) स्थानीय र बाहय दुवै स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी सञ्चालन भएको भए -१५ अंक<br>ग) बाह्य स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी सञ्चालन भएको भए -१० अंक |
| ३ | श्रमिकको (१) सामाजिक सुरक्षा, (२) व्यवसायजन्य सुरक्षा र स्वास्थ्य, (३) कार्यस्थल सुरक्षा तथा कार्यवातावरण | ३ | क) तीनवटै शर्त पूरा भएको अवस्थामा -३ अंक<br>ख) कुनै २ वटा शर्त पूरा भएको अवस्थामा -२ अंक<br>ग) कुनै १ वटा मात्र शर्त पूरा गरेको अवस्थामा -१ अंक |
| ४ | लक्षित वर्ग समूह | ३ | दलित, आदिवासी जनजाति, सीमान्तकृत, महिला, अपाङ्गता भएका उद्यमी भए -३ अंक, अन्य भए -२ अंक |
| ५ | उत्पादित बस्तु तथा सामाग्रीको भण्डारण, प्याकेजिङ र लेवलिङ | ९ | घ) उत्पादित बस्तु तथा सेवा सामाग्रीको भण्डारण, प्याकेजिङ र लेवलिङ भएमा -९ अंक<br>ङ) उत्पादित बस्तु तथा सेवा सामाग्रीको भण्डारण, प्याकेजिङ र लेवलिङमध्ये कुनै २ (दुई) मात्र भएमा -६ अंक<br>च) उत्पादित बस्तु तथा सेवा सामाग्रीको भण्डारण, प्याकेजिङ र लेवलिङमध्ये कुनै १ (एक) मात्र भएमा -३ अंक |
| | जम्मा अंक | ५० | |

*पुनश्चः मूल्याङ्कन समितिले उल्लेखित आधारमा मूल्याङ्कन गरी कम्तिमा ३५ अंक प्राप्त गरेका उद्यमीलाई सम्मानका लागि सिफारिस गर्नेछ।*

मा. खड्ग बस्नेत
मन्त्री

## अनुसूची -२

(दफा ८ को खण्ड (क) सँग सम्बन्धित)

**पेश गर्नुपर्ने विवरणको ढाँचा**

१. उद्यमीको नामः .................................... ....................................................

२. व्यवसाय/उद्यमशीलताको नामः ..........................................................................

३. कार्य प्रकृतिः ..........................................................................................

४. ठेगानाः ............................ जिल्ला ....................... पालिका ........... वडा ................ टोल

५. कार्यरत/व्यवसाय स्थापना मितिः ..........................................................

६. सम्पर्क नम्बरः ................................

७. विगत दुई बर्षदेखि हालसम्म रोजगारी दिइएको श्रमिकको संख्या र नामावली (श्रमिकको हाजिरी, नियुक्ति पत्र वा अन्य कुनै निस्सा भए पेश गर्ने):

..........................................................................................................

..........................................................................................................

८. उद्यमशिलतामा  स्थानीय र बाह्य स्रोतसाधन प्रयोगको अवस्था (स्थानीय र बाह्य स्रोतको विवरण बुँदागत रुपमा खुलाउने):

..........................................................................................................

..........................................................................................................

९. श्रमिकको सामाजिक सुरक्षा, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य, कार्यास्थल सुरक्षा तथा कार्यवातावरणका बारेमा खुलाउने।

..........................................................................................................

..........................................................................................................

१०. लक्षित वर्ग समूह (भए खुलाउने):

..........................................................................................................

११. उत्पादित बस्तु, सामाग्री तथा निर्माण गरिएका बस्तुहरुको भण्डारण, प्याकेजिङ र लेवलिङ सम्बन्धी विवरणः

..........................................................................................................

..........................................................................................................

१२. समग्र उद्यम व्यवस्थापनको गुणस्तरीयता, दक्षता र प्रभावकारिताः

..........................................................................................................

१३. श्रम/व्यवसायले पारेको सामाजिक/आर्थिक प्रभावः

(क) ..........................................................................................

(ख) ..........................................................................................

मा. खड्ग बस्नेत
मन्त्री

१४. अन्य कुरा केही भए खुलाउने।

..............................................................................................................................

१५. संलग्न हुनुपर्ने कागजातहरुः

(क) नागरिकता प्रमाणपत्रको छायाँकपी,

(ग) उद्योग दर्ता/नवीकरण प्रमाणपत्रको छायाँकपी,

(घ) पछिल्लो बर्षको करचुक्ता प्रमाणपत्रको छायाँकपी,

(ङ) पछिल्लो बर्षको लेखापरीक्षण प्रतिवेदन,

(च) PAN/VAT दर्ता प्रमाणपत्रको छायाँकपी,

(छ) लक्षित वर्ग समूह खुल्ने निस्सा,

(ज) पछिल्लो तीन वर्षमा कुनैपनि सरकारी निकायबाट पुरस्कार तथा सम्मान प्राप्त नगरेको स्वघोषणा।

मा. खड्ग बस्नेत
मन्त्री

अनुसूची -३

[दफा ८ को (२) सँग सम्बन्धित]

**प्रमाणपत्रको ढाँचा**

प्रमाणपत्र नं. ................ / ०८ ... /८ ...

लुम्बिनी प्रदेश सरकार

उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय

..........................................................................................

## सम्मान-पत्र

तपाईंले सञ्चालन गर्नुभएको .............................................................................................................. उद्योगमार्फत रोजगारीको सिर्जना तथा मुलुकको आर्थिक उन्नयनमा पुऱ्याउनुभएको अतुलनीय योगदानको कदर गर्दै यो सम्मान-पत्र प्रदान गरिएको छ। भविष्यमा उद्यमशीलता एवम् रोजगारीका माध्यमबाट मुलुकको आर्थिक उन्नयनमा गर्नुभएको योगदानलाई निरन्तरता दिनुहुनेछ भन्ने अपेक्षाकृत छौं।

मितिः

कार्यालयको छाप

......................................

प्रमुख उद्योग अधिकृत

मा. खड्ग बस्नेत